घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, ५ नं. प्रदेश, नेपाल

फोन-फ्याक्स :
०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np


पत्र संख्या : ०७६।७७ (सामाजिक सुरक्षा तथा पंञ्जीकरण शाखा) मिति : ०७७।०२।३२

च.नं : 6820

श्री वडा कार्यालयहरु सबै,
घोराही उप-महानगरपालिका घोराही, दाङ्ग ।

**बिषय : तथ्याङ्क अध्यावधिक गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पंञ्जीकरण विभागबाट सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली ( VERSP MIS ) मा तहाँ वडा कार्यालयको तथ्याङ्कमा १०० वर्ष माथिका उमेर समूहमा लाभग्राही केही संख्यामा देखिएका छन् । यसै पत्र साथ संलग्न Excel Sheet मा लाभग्राहीहरुको विवरण हेर्दा कतिपय लाभग्राहीको उमेर अश्वभाविक समेत देखिएकोले विवरणमा उल्लिखित कतिपय लाभग्राहीको लगत कट्टा हुन अथवा अध्यावधिक गर्न बाकी रहेको हुन सक्ने र कतिपय अवस्थामा व्यहोरा ढाँटी लाभ लिई रहेको हुन सक्ने भएकाले ,त्यहाँ कार्यालयबाट यसै साथ संलग्न विवरण अनुरुपका सम्बन्धित व्यक्तिहरुको सक्कल नागरिकता रुजु गरी उनीहरुको वास्तविक उमेर यकिन गर्ने र उमेरमा फरक परेको देखिएमा सम्बन्धित व्यक्तिको समन्वयमा विभागको (VERSP MIS) प्रणालीमा अध्यावधिक गरी सोको जानकारी यस पंञ्जीकरण तथा सामाजिक सुरक्षा शाखामा पठाउनहुन अनुरोध छ ।

दिवाकर योगी
अधिकृत छैठौं